# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४३१५७६६


प.सं.: 080।081

च.नं. ..................

मिति : २०८०/०८/२७

### बिषयः खानेपानी महशुल सम्बन्धी अत्यन्त जरुरी सूचना ।

श्री साविकका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु, वडास्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति (वडा नं १ देखि वडा नं १५ सबै)
चन्द्रागिरि नगरपालिका ।

चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई परिषदको मिति २०८०/०८/२७ गतेको बैठकको निर्णय अनुसार चन्द्रागिरि नगरपालिका कार्यक्षेत्र भित्र रहेका साविकका खानेपानी तथा सरसफाई प्रणाली सँग सम्वन्धीत वडा १ देखि १५ सम्मका खानेपानी उपभोक्ता समिति, वडास्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति तथा अन्य खानेपानी सेवा प्रदायकहरुले तपशिल अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

तपशिलः

१) चन्द्रागिरि नगरपालिकाका बासिन्दाहरुको लागि पिउने पानीको प्राथमिकतामा राखि समान वितरणको व्यवस्था गर्ने ।

२) दररेट अनुसार खानेपानी सेवा उपलब्ध गराउदा रकम अपुग भएमा वडा स्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति मार्फत नगरपालिकामा सिफारिस गर्ने,

३) तोकिएको दररेट भन्दा बढी रकम लिएको पाईएमा कानुन बमोजिम हुने,

४) संघ/प्रदेश लगायत निकायबाट आउने बजेटलाई वडास्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति मार्फत सञ्चालन हुने गरी सम्वन्धीत निकायमा सिफारिस गर्ने ।

५) चन्द्रागिरि नगरपालिकाको चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई ऐन २०८० अनुसार बनेको नियमावलीमा तपशिल अनुसारको निर्धारण गरिएको खानेपानी महशुल तथा शुल्क/जडान तथा धरौटी शुल्क मात्र लिने व्यवस्थालाई अनिवार्य रुपमा लागु गर्ने गराउने,

**खानेपानी सेवाको महसुल तथा शुल्क दर :** (१) ऐनको दफा १० (६) बमोजिम परिषदको अधिकार अन्तरगत उपभोक्तालाई खानेपानी सेवा प्रदान गरे वापत तपशिल अनुसारको महशुल लिइनेछ ।

(क) १ युनिटदेखि ८ यूनिटसम्मको खानेपानी खपत वापत एकमुष्ठ रु. ५०।-

(ख) ९ युनिटदेखि १५ युनिटसम्मको खानेपानी खपत वापत प्रतियुनिटको थप रु २०।-

(ग) १६ युनिटदेखि २५ यूनिटसम्मको खानेपानी खपत वापत प्रतियुनिटको थप रु ३०।-

(घ) २६ युनिटदेखि ३५ यूनिटसम्मको खानेपानी खपत वापत प्रतियुनिटको थप रु ५०।-

(ङ) ३६ युनिटदेखि माथि खानेपानी खपत वापत प्रतियुनिटको थप रु ८०।-

(२) नयाँ धारा जडान तथा पुरानो धारा नवीकरण गर्दा देहाय अनुसारको शुल्क लाग्नेछ ।

धनराज गिरी
नगर प्रमुख

080/8/26

चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०८०।०८१
च.नं.....................

फोन नं. ०१-४३१५७६६
मिति : २०८०।०८।२६

(क) नयाँ धारा जडान वापत रु १००००।- शुल्क लाग्नेछ ।
(ख) धारा नामसारी गर्दा रु ५०००।- शुल्क लाग्नेछ ।
(ग) नयाँ धारा जडान गर्दा मुलपाईपबाट १५ मिटरदेखि माथिको पाइप खर्च सम्बन्धित उपभोक्ताले व्यहोर्नुपर्ने छ ।
(घ) वडा समन्वय समितिमा पहिलोपटक पुरानो धाराको सूचीकरण गर्दा रु १००।- शुल्क लाग्नेछ ।
(ङ) मुलपाईपको समस्याको कारण उपभोक्ताको खानेपानी उपभोगमा समस्या आएमा वडा समन्वय समितिले तुरुन्त मर्मत संभार गर्नेछ ।
(च) औद्योगिक वा संस्थागत धारा जडानमा रु २५०००।- जडान खर्च लाग्नेछ । मुलपाईपबाट १५ मिटर देखि माथिको पाइप खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

**जडान तथा धरौटी शुल्कहरु :**

| क.सं | विवरण | कायम गरिएको मुल्य रु. |
|---|---|---|
| १ | दरखास्त दस्तुर | १० |
| २ | ग्राहक कार्ड दस्तुर | २५ |
| ३ | ठाउँसारी दस्तुर | १०००० |
| ४ | व्यक्तिगंत ढल सफाई दस्तुर | ५००० |
| ५ | विलको प्रतिलिपी माग | १० |
| ६ | नयाँधारा जडान फारम (फाईल सहित) | २० |
| ७ | स्वामित्व हस्तान्तरण फारम (फाईल सहित) | २० |
| ८ | ठाउँसारी दरखास्त फारम (फाईल सहित) | २० |
| ९ | मिटर परीक्षण दस्तुर | १०० |

..........०८०।०८।२६
नगरप्रमुख
घनश्याम गिरी

*पुनस्चः नगरपालिकाले तोकेको दररेट भन्दा बढी रकम लिएको पाईएमा नगरबासीहरुले वडा तथा नगरपालिका कार्यालयमा सूचना दिन समेत अनुरोध गरिन्छ ।*